## कार्यक्रम कार्यान्वयन क्षेत्र


तराईका २२ जिल्ला पूर्वमा झापा जिल्ला देखि सुदुरपश्चिमको कञ्चनपुर सम्मका २२ जिल्लाका २८४ स्थानीय तहहरू मध्ये १५० स्थानीय तहहरू छनौट गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरूलाई निम्नानुसार चार समुह (Cluster) मा विभाजन गरिएको छ :

समुह १ : झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिरहा, सप्तरी

समुह २ : धनुषा, महोत्तरी, सर्लाही, पर्सा, बारा, रौतहट

समुह ३ : चितवन, नवलपरासी ब.सु. पूर्व, नवलपरासी ब.सु. पश्चिम, रूपन्देही, कपिलवस्तु

समुह ४ : दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर




## प्रविधिगत लागत साझेदारी विवरण :

यस कार्यक्रमको प्रविधि लागत सहभागिता निम्नानुसार हुनेछ :-

| क्र.सं. | प्रणाली | हरित जलवायु कोष | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | स्थानीय तह | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विद्युतीय चुलो | १०% | ४८% | १९% | २३% |
| २ | तह ३ को सुधारिएको चुलो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी बायोग्यास | २८% | ४८% | १०% | १४% |

## कार्यक्रम कार्यान्वयनका चरणहरू

| चरण | मार्फत |
|---|---|
| स्थानीय तहबाट आशयपत्र माग | - राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन<br>- www.aepc.gov.np मा सूचना प्रकाशन |
| आशयपत्र मूल्यांकन | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| स्थानीय तह छनौट तथा सम्झौता | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र सम्बन्धित स्थानीय तह |
| उपभोक्ता विवरण माग संकलन | सम्बन्धित स्थानीय तह |
| लक्षित वर्गको उपभोक्ताको विवरण प्राथमिकीकरण | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| प्रविधि जडान तथा आपूर्ति कर्ता छनौट | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| प्रविधि जडान तथा हस्तान्तरण | छनौट भएको निर्माण तथा आपूर्ति कम्पनी |
| अनुगमन तथा मूल्यांकन | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सम्बन्धित स्थानीय तह र हरित जलवायु कोषले छनौट गरेको संस्था |

### थप जानकारीका लागि सम्पर्क :

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
जैविक ऊर्जा शाखा
मध्य बानेश्वर, काठमाण्डौं, फोन नं. ०१-४५९८०१३, ४५९८०१४ Ext.- २७०
इमेल : ccs@aepc.gov.np, वेबसाईट : www.aepc.gov.np

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

मध्य बानेश्वर, काठमाडौं ।



"स्वच्छ चुलो, आधुनिक भान्छा"

| | |
|---|---|
| **कार्यक्रमको नाम** | स्वच्छ चुलो कार्यक्रम |
| **कार्यान्वयन गर्ने निकाय** | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| **दातृ निकाय** | हरित जलवायु कोष (GCF) |
| **कार्यक्षेत्र** | तराईका २२ जिल्लाका* २८४ मध्ये १५० स्थानीय तहहरु<br>*झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, पर्सा, बारा, रौतहट, चितवन, नवलपरासी ब.सु. पूर्व, नवलपरासी ब.सु. पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर |
| **प्रविधिहरू** | विद्युतीय चुलो, तह ३ (Tier 3+) को सुधारिएको चुलो र घरायसी बायोग्यास |
| **उपभोक्ता** | स्वच्छ चुलो प्रविधिमा पहुँच नभएका वा सिमित पहुँच भएका तराईका घरधुरीहरू |
| **समयावधि** | ५ वर्ष (२०८०/८१ देखि २०८५/८६ सम्म) |

## पृष्ठभुमि

स्वच्छ चुलो कार्यक्रम जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न र सबैभन्दा जोखिममा परेका समुदायको जलवायु परिवर्तनसँग अनुकूलन गर्ने क्षमतालाई बलियो बनाउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले हरित जलवायु कोषको आर्थिक सहयोगमा सञ्चालन ल्याएको कार्यक्रम हो ।

यस कार्यक्रमले तराईमा खाना पकाउन प्रयोग भईरहको परम्परागत ऊर्जा (गुईठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धन (एल पि जि, मट्टीतेल) को खपतलाई न्यूनीकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (विद्युतीय चुलो, तह ३ को सुधारिएको चुलो र घरायसी बायोग्यास) को प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आ.व. २०८०/८१ बाट पाँच वर्षको लागि यस कार्यक्रम सञ्चालनमा ल्याएको छ जस अन्तर्गत केन्द्र, हरित जलवायु कोष, स्थानीय तह र लाभग्राहीहरूको लागत साझेदारी रहने छ । यस कार्यक्रम अन्तर्गत तराईका २२ जिल्लाका २८४ मध्ये १५० स्थानीय तहहरूमा ५ लाख विद्युतिय चुलो, ४ लाख ९० हजार तह ३ को सुधारिएको चुलो र १० हजार घरायसी बायोग्याँस जडान गर्ने लक्ष्य रहेको छ ।

## प्रविधिगत पञ्चवर्षिय जडान तथा वितरण लक्ष्य

| क्र.सं | प्रणाली | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | विद्युतिय चुलो | ५०००० | १०००००० | १३५००० | १३५००० | ८०००० | ५००००० |
| २ | तह ३ को सुधारिएको चुलो | ५०००० | १०००००० | १३०००० | १३०००० | ८०००० | ४९०००० |
| ३ | घरायसी बायोग्याँस | २००० | २००० | २००० | २००० | २००० | १०००० |

## स्थानीय तह छनौटका आधारहरु :

कार्यक्रम कार्यान्वयन तराईका २२ जिल्लाका २८४ वटा स्थानीय तह मध्ये १५० स्थानीय तहमा गर्नुपर्ने लक्ष्य भएकोले १५० भन्दा बढी आशयपत्र आएको खण्डमा देहाय बमोजिम प्राथमिकताको आधार लिईनेछ :

- **पहिलो प्राथमिकता** : तिनवटै प्रविधिहरू माग गर्ने गाउँपालिका र नगरपालिका
- **दोस्रो प्राथमिकता** : तिन मध्ये दुईवटा प्रविधि माग गर्ने गाउँपालिका र नगरपालिका
- **तेस्रो प्राथमिकता** : एउटा मात्र प्रविधि माग गर्ने गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका

तर १५० भन्दा कम माग आएको खण्डमा पनि सम्बन्धित स्थानीय तहले खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिलाई प्रवर्द्धन गर्ने कुरालाई प्राथमिकता राखेको र कार्यक्रममा सहभागीता एवं लागत साझेदारीका विषय कार्यपालिकाको निर्णय सहित आशय पत्र पेश गरेको हुनुपर्नेछ ।

## लाभग्राही छनौटका आधारहरु :

लाभग्राही छनौटको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । सो को लागि प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPMU) ले सहयोग गर्नेछ । छनौटका आधारहरू देहाय बमोजिम रहेका छन् :-

### १) प्राविधिक सम्भाव्यताका आधारहरु

- विद्युतिय चुलो जडानका लागि कम्तिमा १५ एम्पियर क्षमताको मिटर जडान भएको हुनुपर्ने वा सो नभएमा सम्बन्धित उपभोक्ताले स्तरोन्नती गर्ने प्रतिवद्धता गर्नुपर्ने,
- तह ३ को सुधारिएको चुलो जडानका लागि दाउरा वा बायोमासको सहज तथा सुलभ उपलब्धता हुनुपर्ने,
- घरायसी बायोग्यास जडानका लागि घरमा कम्तिमा एउटा गाईवस्तु पालन भएको हुनुपर्ने ।

### २) आर्थिक-सामाजिक आधारहरू

प्राविधिक सम्भाव्यता आधारहरू परिपूर्ति भए पछि देहाय बमोजिम आर्थिक-सामाजिक सूचकका आधारहरूमा लाभग्राहीको अन्तिम छनौट गरिनेछ ।

- घरमुली महिला भएको (Female headed) परिवार
- एकल महिला (Single women/Widow) भएको परिवार
- आदिवासी/दलित/पिछडिएको वर्ग (Indigenous/Disadvantaged Group)
- शारीरिक अशक्तता (Disability) भएको परिवार

## अपेक्षित उपलब्धिहरु :

- कम खर्चमा लक्षित वर्गका घरधुरीहरूमा स्वच्छ तथा आधुनिक चुलोको पहुँच पुगेको हुने,
- स्थानीय तहको स्वच्छ ऊर्जाका कार्यक्रम कार्यान्वयन क्षमता अभिवृद्धि भएको हुने,
- खाना पकाउने इन्धनको लागि लाग्ने खर्च तथा समयको बचत, रोजगारी सिर्जना, धुवाँजन्य रोग जोखिम न्यूनीकरण, कार्वन उत्सर्जनमा कमी जस्ता आर्थिक, सामाजिक तथा वातावरणीय सुधार भएको हुने,
- विद्युतीय चुलोको कारण स्वदेशी विद्युत खपतमा वृद्धी भई प्रतिव्यक्ति विद्युत खपत बढ्ने,
- आयातित तथा परम्परागत खाना पकाउने इन्धन माथिको निर्भरतामा कमी आउने ।